नेपाली राजदूतावास
मनामा, बहराइन
Embassy of Nepal
Manama, Kingdom of Bahrain

سفارة نيبال
المنامة - مملكة البحرين

प्रेस विज्ञप्ति

## नेपाली राजदूतावासबहराइनमा गणतन्त्र दिवस २०८३ कार्यक्रमआयोजना

गणतन्त्र दिवस २०८३ का अवसरमा नेपाली राजदूतावास मनामा, वहराइनमा २०८३ जेठ १५ गते तदनुसार २९ मे २०२६ का दिन एक विशेष कार्यक्रमको आयोजना गरियो । राष्ट्रिय झण्डाको झण्डोत्तोलन, राष्ट्रियगान तथा ज्ञात अज्ञात शहीदहरुको सम्मानमा मौन धारण गरी शुरु भएको उक्त कार्यक्रममा महामहिम राजदूत सहित राजदूतावास परिवार र वहराइनमा रहनु भएका नेपाली समुदाय, गैर आवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद्, बहराइन, नेपाली क्लव, बहराइन तथा विभिन्न वैचारिक संगठनका प्रमुख तथा प्रतिनिधिहरु,नेपाली संघ संस्थाहरुका प्रतिनिधिहरु, विभिन्न पेशा र व्यवसायसँग सम्वन्धित व्यक्तिहरुको उपस्थिति रहेको थियो ।

उक्त कार्यक्रमलाई सम्बोधन गर्दै महामहिम राजदूत श्री तीर्थराज वाग्लेले गणतन्त्र दिवसका अवसरमा वहराइनमा रहनु भएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक शुभकामना व्यक्त गर्नु भयो । साथै, राजदूत वाग्लेले सम्माननीय राष्ट्रपतिज्यूले गणतन्त्र दिवसको अवसरमा जारी गर्नुभएको शुभकामना सन्देश वाचन गर्नु भएको थियो । राजदूत वाग्लेले नेपालमा लोकतान्त्रिक गणतन्त्रको संस्थागत विकास तथा मुलुकमा शान्ति, समृद्धि र सुशासन कायम गर्न नेपाल सरकारले लिएको प्राथमिकताका एवम् राजदूतावासले गरिरहेका आर्थिक कूटनीतिका विविध गतिविधिवारे चर्चा गर्नु भएको थियो । विदेशमा रहेका सम्पूर्ण नेपालीहरुले श्रम, सीप, प्रविधि र विप्रेषणमार्फत नेपालको विकासमा योगदानगरेकोमा हार्दिक धन्यवाद व्यक्त गर्नु भएको थियो । साथै, वहराइनमा रहँदा स्थानीय कानूनको परिपालना, कार्यक्षेत्रमा अनुशासन, लगनशीलता र इमानदारिताको छवि कायम गरिरहनु भएकोमा नेपालीहरूको प्रशंसा गर्नुभएको थियो।

उक्त अवसरमा राजदूतावासका श्रम सहचारी श्री सुनीता थापाले गणतन्त्र दिवसको शुभकामना सहित श्रम सरोकारका विविध पाटाहरू वारे जानकारी गराउनु भएको थियो।

उक्त कार्यक्रममा गैर आवासीय नेपाली संघ वहराइन, नेपाली क्लव वहराइन, नेपाली सामाजिक तथा वैचारिक संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरुले गणतन्त्र दिवसको शुभकामना व्यक्त गर्नुभएको थियो ।

कार्यक्रमको सञ्चालन राजदूतावासका तृतीय सचिव श्री दीपराज जोशीले गर्नुभएको थियो।

**नेपाली राजदूतावास, मनामा, बहराइन।**
**२०८३ जेठ १५ (२९ मे २०२६)**